बागमती प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौँडा, नेपाल

# करार सेवा लिने सम्बन्धी सूचना

*(सूचना प्रकाशित मिति: २०८१/१२/२१)*

स्थानीय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यविधि, २०८१ बमोजिम नुवाकोट जिल्लाका पञ्चकन्या र सूर्यगढी गाउँपालिका, ललितपुर जिल्लाको महाङ्काल गाउँपालिका र सिन्धुलीको तीनपाटन गाउँपालिकामा न्यायिक सहजकर्ताको पद रिक्त रहेकोले वि.स. २०८२ असार मसान्त सम्मका लागि करार सम्झौता गरी पदपूर्ति गर्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (२०८२।०१।०४) गते कार्यालय समयभित्र राष्ट्रिय वाणिज्य बैंकमा रहेको प्रदेश लेखा नियन्त्रक कार्यालयको खाता नं. १०००१००२०००१००००, कार्यालय कोड: ३१४००३२०१३, राजस्व खाता शीर्षक नं. १४२२९ मा परीक्षा शुल्क चार सय रुपैयाँ बुझाएको सक्कल भौचर संलग्न गरी यस मन्त्रालयमा वा मन्त्रालयको moial.p3.law@gmail.com मा इमेल मार्फत आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ। प्रस्तुत कार्यविधि, न्यायिक सहजकर्ता रिक्त रहेको गाउँपालिकाको विवरण, आवेदन फाराम लगायत विषय मन्त्रालयको वेबसाइट www.moial.bagamati.gov.np मा हेर्न सकिनेछ।

| विज्ञापन नं. | पद | सङ्ख्या / गाउँपालिका | रिक्त रहेको गाउँपालिका |
|---|---|---|---|
| ०४।२०८१।०८२ | स्थानीय न्यायिक सहजकर्ता (पाचौं तह) | ४ (गाउँ कार्यपालिकाको कार्यालय) | पञ्चकन्या, सूर्यगढी (नुवाकोट), महाङ्काल (ललितपुर), तीनपाटन (सिन्धुली) |

**नोट**: दोब्बर दस्तुरको व्यवस्था नरहेको व्यहोरा समेत जानकारी गराईन्छ।

# बागमती प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

# हेटौंडा, नेपाल

<u>करार सेवा लिने सम्बन्धी सूचना</u>

(सूचना प्रकाशित मितिः २०८१।१२।२१)

**स्थानीय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यविधि, २०८१** बमोजिम बागमती प्रदेशभित्र देहायका गाउँपालिकामा न्यायिक सहजकर्ताको पद रिक्त रहेकोले वि.स. २०८२ असार समान्त सम्मका लागि करार सम्झौता गरी पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (२०८२।०१।०४) गते कार्यालय समयभित्र तोकिएको दस्तुर तिरेको भौचर संलग्न गरी यस मन्त्रालयमा वा मन्त्रालयको moial.p3.law@gmail.com मा इमेल मार्फत आवेदन दिनहुन यो सूचना प्रकाशन गरिएको छ। प्रस्तुत कार्यविधि, आवेदन फाराम लगायत विषय मन्त्रालयको वेबसाइट www.moial.bagamati.gov.np मा हेर्न सकिनेछ।

१. सूचना नं. ०४/२०८१/०८२

| क्र.सं. | जिल्ला | रिक्त गाउँपालिका |
|---|---|---|
| १. | नुवाकोट | सूर्यगढी र पञ्चकन्या गाउँपालिका |
| २. | ललितपुर | महाङ्काल गाउँपालिका |
| ३. | सिन्धुली | तीनपाटन गाउँपालिका |

२. पद/तहः स्थानीय न्यायिक सहजकर्ता (सहायकस्तर पाँचौं)

३. सेवा सुविधाः प्रचलित कानून बमोजिम

४. उम्मेदवारले काम गर्नु पर्ने कार्यालयः सूर्यगढी गाउँपालिका, पञ्चकन्या गाउँपालिका, नुवाकोट, महाङ्काल गाउँपालिका, ललितपुर र तीनपाटन गाउँपालिका, सिन्धुली।

५. आवेदन दस्तुरः रू. ४०० (चार सय), **(राष्ट्रिय वाणिज्य बैंकमा रहेको प्रदेश लेखा नियन्त्रण कार्यालयको खाता नं. १०००१००२०००१००००, कार्यालय कोडः ३१४००३२०१३, राजस्व खाता शीर्षक नं. १४२२९ परीक्षा शुल्क शीर्षकमा बुझाएको सक्कल भौचर पेश गर्नु पर्नेछ।**

६. **न्यूनतम योग्यताः**
   (क) नेपाली नागरिक,
   (ख) माध्यमिक शिक्षा वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उर्तिण गरेको,
   (ग) अठार वर्ष पूरा भई अन्ठाउन्न वर्ष ननाघेको,
   (घ) प्रचलित कानूनले अयोग्य नभएको।

७. **छनौटका आधारहरू:**
   (क) न्यूनतम शैक्षिक योग्यता
   (ख) माथिल्लो शैक्षिक योग्यता
   (ग) व्यावसायिक प्रमाणपत्र
   (घ) बासिन्दाको आधार
   (ङ) महिला उम्मेदवार
   (च) न्यायिक/कानूनी सहजकर्ताको अनुभव
   (छ) अन्तर्वार्ता

८. **आवेदकले संलग्न गर्नु पर्नेः**
उम्मेदवारको व्यक्तिगत विवरण, बैंक भौचर,
शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभव भएमा सो को प्रमाणित प्रतिलिपि तथा अन्य योग्यताको प्रमाणपत्र भएमा सो को प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ।

९. आवेदन बुझाउने स्थानः आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडा वा मन्त्रालयको moial.p3.law@gmail.com मा इमेल मार्फत आवेदन दिन सक्नेछ।

*<u>नोटः</u>*
*१. दोब्बर दस्तुरको व्यवस्था नरहेको।*
*२. मन्त्रालयबाट छनौट गरी हाल अन्य गाउँपालिकामा कार्यरत न्यायिक सहजकर्तालि आवेदन दिन नपाईने।*
*३. अन्तर्वार्ताको मिति, समय र स्थान पछि तोकिने छ।*